## EI रेकर्डहरूलाई राख्ने तथा नष्ट गर्ने

तपाईंको EI सेवा प्रदायकले तपाईंको बच्चाका EI रेकर्डहरू तपाईंको बच्चाको नवौं जन्म दिनसम्म राख्नु पर्ने हुन्छ । तपाईंको बच्चाको नवौं जन्म दिन पश्चात् तपाईंले आफ्नो बच्चाका EI रेकर्डहरू नष्ट गर्न अनुरोध नगर्दासम्म EI सेवा प्रदायकले तपाईंको बच्चाका ती रेकर्डहरू सोभन्दा बढी समयका लागि राख्न सक्छन् ।

EI ले समयको समयसीमा नरहनेगरी तपाईंको बच्चाको नाम, जन्म मिति, तपाईंको सम्पर्क जानकारी, तपाईंको परिवारसँग काम गरेका EI सेवा संयोजक तथा प्रदायकहरूको नाम र बाहिरिँदाको तथ्याङ्क (बाहिरिँदाको वर्ष तथा उमेर र बाहिरिएपछि प्रवेश गरिएका अन्य कुनै पनि कार्यक्रमहरूसहित) को स्थायी रेकर्ड पनि राख्न सक्ने छ ।

आफ्नो बच्चाका EI रेकर्डहरूसम्बन्धी आफ्ना अधिकारहरूबारे थप दिशानिर्देशका लागि DODD लाई 614-466-6879 वा ei@dodd.ohio.gov मा सम्पर्क गर्नुहोस् । FERPA को सम्बन्धमा थप दिशानिर्देशका लागि अमेरिकी शिक्षा विभागमा रहेको फ्यामिली कम्प्लाएन्स अफिस (पारिवारिक अनुपालना कार्यालय) लाई 202-260-3887 मा सम्पर्क गर्नुहोस् ।

## विवादहरूको समाधान गर्ने

EI सेवाको कुनै कुराप्रति तपाईंको असहमति छ भने त्यसलाई समाधान गर्ने विभिन्न तरिकाहरू छन् । सो असहमतिको समाधान खोज्नका लागि सबैभन्दा सरल र छिटो तरिका भनेको तपाईंको काउन्टीमा रहेका तपाईंका EI सेवा संयोजक वा EI करार व्यवस्थापकमार्फत आफ्नो स्थानीय EI कार्यक्रमसँग मिलेर काम गर्नु हो ।

तपाईंका सेवा संयोजकको सम्पर्क जानकारी यस पर्चामा दिइएको छ र तपाईंले आफ्नो स्थानीय EI कार्यक्रमका पदाधिकारीहरूको जानकारी EI को निम्न वेबसाइटमा प्राप्त गर्न सक्नुहुन्छ: ohioearlyintervention.org. तपाईं आफ्नो स्थानीय EI कार्यक्रममार्फत कार्य गर्न चाहनुहुन्न भने तपाईं DODD का EI कर्मचारीलाई 614-466-6879 वा ei@dodd.ohio.gov मा सम्पर्क गर्न सक्नुहुन्छ ।

तपाईंले DODD मा उजुरी पनि दर्ता गर्न सक्नुहुन्छ र सो उजुरीको बारेमा छानबिन गर्न, मध्यस्थता गराउन वा निष्पक्ष सुनुवाइ सञ्चालन गर्न विभागलाई अनुरोध गर्न सक्नुहुन्छ । तपाईंको उजुरी अनिवार्य रूपमा लिखित र त्यसमा हस्ताक्षर गरिएको हुनुपर्छ । त्यसमा अनिवार्य रूपमा भएको घटना र उल्लङ्घन भएका नियम वा अधिकारहरूको विवरण समावेश गरिएको हुनुपर्छ ।

उजुरीहरूलाई यहाँ पठाइनुपर्छ:

Ohio Early Intervention<br>
Ohio Department of Developmental Disabilities<br>
30 East Broad St., 12th floor<br>
Columbus, Ohio 43215

## छानबिन

यदि तपाईं DODD ले तपाईंको उजुरीमा छानबिन गरोस् भन्ने चाहनुहुन्छ भने विभागले तपाईं तथा तपाईंको प्रदायकबाट जानकारी माग्ने छ, सम्बन्धित सबै जानकारीको पुनरावलोकन गर्नेछ र तपाईंका अधिकारहरू वा EI नियमहरू उल्लङ्घन भएका छन् कि छैनन् भन्ने बारेमा 60 दिन भित्रमा अन्तिम लिखित निर्णय गर्ने छ । अन्तिम निर्णयमा सबै समस्याहरूलाई सच्याउन DODD ले के-के कुराहरू गरेको थियो र के-के कुराहरू गर्नेछ भन्ने समावेश गरिने छ ।

## मध्यस्थता

मध्यस्थता तपाईं तथा तपाईंका EI प्रदायक दुवैका लागि स्वेच्छिक हुन्छ । यदि तपाईं मध्यस्थतालाई प्रयोग गर्न चाहनुहुन्छ र तपाईंका EI प्रदायक त्यसमा सहभागी हुन सहमत भएमा DODD ले सो प्रक्रियाको सुपरिवेक्षण गर्न एकजना योग्य तथा निष्पक्ष मध्यस्थकर्ता उपलब्ध गराउने छ । DODD ले मध्यस्थकर्ताको खर्चको भुक्तानी गर्नेछ र मध्यस्थता अनिवार्य रूपमा सहभागीहरूलाई सहज हुने स्थान तथा समयमा हुनुपर्छ ।

## निष्पक्ष सुनुवाइ

निष्पक्ष सुनुवाइ अझ बढी औपचारिक प्रक्रिया हो । तपाईंले तपाईंको प्रतिनिधित्व गर्नका लागि अटर्नी (कानुन व्यवसायी) नियुक्त पनि गर्न सक्नुहुन्छ तर यो आवश्यकता होइन । निष्पक्ष सुनुवाइमा, निष्पक्ष सुनुवाइ अधिकारीले उजुरीको पुनरावलोकन गर्नुहुनेछ, सहभागीहरूको कुराहरू सुन्नु हुने छ, थप जानकारीको समीक्षा गर्नुहुनेछ र उजुरी प्राप्त गरेको 30 दिनभित्रमा लिखित निर्णय उपलब्ध गराउनु हुने छ । DODD ले निष्पक्ष सुनुवाइ अधिकारीको खर्चको भुक्तानी गर्ने छ र सो सुनुवाइ अनिवार्य रूपमा सहभागीहरूलाई सहज हुने स्थान तथा समयहरूमा हुनुपर्छ ।

IDEA र ओहायोको EI कार्यक्रमको राज्यका नियमहरूका बारेमा थप जानकारी प्राप्त गर्न ohioearlyintervention.org/federal-and-state-regulations मा जानुहोस् ।

मेरो EI सेवा संयोजक: ______________________

सम्पर्क जानकारी: ______________________

Ohio Department of Developmental Disabilities

Help me grow



OHIO

Early Intervention

# अभिभावकका अधिकारहरू

## परिचय

प्रारम्भिक सहयोगात्मक सेवा (Early Intervention, EI) मा भएका बालबालिकाहरूका आमाबुबाहरूसँग अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act, IDEA) अन्तर्गत विभिन्न अधिकार तथा संरक्षणहरू हुन्छन् ।

ओहायो डिपार्टमेन्ट अफ डेभलपमेन्टल डिसाबिलिटीज (Ohio Department of Developmental Disabilities, DODD) (ओहायोको विकाससम्बन्धी अपाङ्गता विभाग) तथा यसका स्थानीय साझेदारहरूबाट ओहायोमा भएको EI प्रणाली बनेको छ र तिनीहरू यी अधिकार तथा संरक्षणहरूलाई कार्यान्वयन गर्नका लागि जिम्मेवार हुन्छन् । तपाईंको बच्चा EI का लागि अयोग्य भएको पाईए तापनि तिनीहरू मध्ये धेरै लागू हुन्छन् । यो ब्रोसरले तपाईंको परिवारलाई ती अधिकार तथा संरक्षणका साथसाथै EI मा कुनै कुराको बारेमा तपाईंको असहमति भएका के-के गर्ने भन्ने बारेमा जानकारी उपलब्ध गराउँछ । EI मा प्रयोग भएका फारामहरूले यी अधिकार तथा संरक्षणहरूका बारेमा अझ बढी विस्तृतमा वर्णन गर्छन् । यसका अतिरिक्त, तपाईंका सेवा संयोजकले तिनीहरूलाई वर्णन गर्नुहनेछ र तपाईंसँग हुन सक्ने कुनै पनि प्रश्नहरूको जवाफ दिनु हुने छ ।

## पूर्व लिखित सूचना तथा सहमति

तपाईंले EI प्रणालीले प्रदान गर्ने खास क्रियाकलापहरूका बारेमा अग्रिम रूपमा र लिखितमै जानकारी प्राप्त गर्नु हुने छ । यसलाई "पूर्व लिखित सूचना" भनिन्छ । पूर्व लिखित सूचनाले तपाईंलाई तपाईं खास क्रियाकलाप अगाडि बढाउन चाहनुहुन्छ कि चाहनुहुन्न भनेर निर्णय गर्न समय प्रदान गर्छ । यदि तपाईं सो क्रियाकलाप तत्कालै अगाडि बढाउन तयार हुनुहुन्छ भने तपाईंले यस प्रतीक्षा अवधिलाई छोड्न सक्नुहुन्छ । केही क्रियाकलापहरूको प्रक्रिया अगाडि बढाउने निर्णय गरिसकेपछि तपाईंले आफ्नो अनुमति लिखितमा दिनु हुने छ ।

यस अनुमतिलाई "सहमति" भनिन्छ । तपाईंको सहमति स्वैच्छिक हुन्छ र यसलाई तपाईंले कुनै पनि समय रद्द गर्न सक्नुहुन्छ । EI प्रणालीले तपाईंले आफ्नो सहमति दिनुभन्दा अगाडि कुनै क्रियाकलापको बारेमा तपाईंका प्रश्नहरूको जवाफ दिइएको छ भनेर सुनिश्चित गर्ने छ । कृपया तपाईंसँग हुने कुनै पनि प्रश्नहरूको बारेमा आफ्नो सेवा संयोजक वा तपाईंसँग EI मा काम गर्ने अन्य कुनै पनि व्यक्तिलाई सोध्नुहोस् । पूर्व लिखित सूचना तथा सहमति देहायमा लागू हुन्छन्:

- विकाससम्बन्धी स्क्रिनिङ (प्रारम्भिक जाँच) हरू,
- बच्चाका मूल्याङ्कनहरू,
- बच्चा तथा परिवारका लेखाजोखाहरू,
- अयोग्यताको निर्धारण,
- र तपाईंको व्यैक्तिक पारिवारिक सेवा योजना (Individualized Family Service Plan, IFSP) मा सेवाहरूको आरम्भ वा परिवर्तन ।

यिनीहरूका अतिरिक्त, तपाईंको IFSP मा समावेश गरिएको कुनै सेवा अन्त हुँदा वा तपाईं EI बाट बाहिरिँदा तपाईंले पूर्व लिखित सूचना प्राप्त गर्नु हुने छ ।

केही परिस्थितिहरूमा पूर्व लिखित सूचनालाई समावेश गरिने छैन तर EI प्रणालीले खास कार्यहरू पूरा गर्नुभन्दा अगाडि तपाईंको सहमति भने आवश्यक पर्छ । EI प्रणालीलाई देहायका अवस्थाहरूभन्दा अगाडि तपाईंको सहमति अनिवार्य रूपमा आवश्यक पर्छ:

- तपाईंको स्थानीय स्कूल डिस्ट्रिक्ट वा बालरोग विशेषज्ञ लगायत EI प्रणालीभन्दा बाहिर तपाईंको परिवारको बारेमा जानकारी साझा गर्दा;
- ट्रान्जिसन प्लानिङ कन्फरेन्स आयोजना गर्दा;
- वा EI सेवाहरूका लागि भुक्तानी गर्न तपाईंको सरकारी वा निजी बिमा प्रयोग गर्दा ।

EI प्रणालीले तपाईंलाई सेवाहरू प्रदान गर्नुभन्दा अगाडि मूल्याङ्कन वा बच्चाको लेखाजोखा आवश्यक हुन्छ भनेर जान्नु महत्वपूर्ण हुन्छ । यदि तपाईंले मूल्याङ्कन वा बच्चाको लेखाजोखाको लागि सहमति प्रदान गर्नुभएन भने तपाईंको बच्चा EI प्रणालीबाट सेवाहरू प्राप्त गर्ने सक्षम हुने छैनन्/छैनिन् ।

## EI रेकर्ड तथा तपाईंको गोपनीयता

EI प्रणालीले तपाई तथा तपाईंको बच्चाका बारेमा धेरै जानकारी प्राप्त गर्ने भएकोले EI प्रणालीले तयार गरेर राख्ने रेकर्डहरूको सम्बन्धमा तपाईंका अधिकारहरू हुन्छन् । यी रेकर्डहरूमा मूल्याङ्कन तथा लेखाजोखाहरू बारेको जानकारी, EI का लागि तपाईंको बच्चाको योग्यतासँग सम्बन्धित चिकित्सकीय जानकारी, तपाईंको IFSP मा रहेका सेवाहरू, तपाईंले भर्नुभएका तथा हस्ताक्षर गर्नुभएका EI फारामहरूको सक्कल प्रति वा प्रतिलिपिहरू र तपाईं तथा तपाईंका EI प्रदायकहरू बीचमा भएका सञ्चारहरूको लिखित प्रमाणहरू पर्दछन् । यी सबै जानकारी तपाईंको बच्चाको EI रेकर्डका हिस्सा हुन् ।

तपाईंसँग आफ्नो परिवारका EI रेकर्डहरूको सम्बन्धमा विभिन्न अधिकारहरू हुन्छन् । यिनीहरूमा देहायका अधिकारहरू पर्दछन्:

- आफ्नो बच्चाको EI रेकर्डहरूको प्रतिहरू माग गर्ने;
- तपाईंले माग गरेको 10 क्यालेन्डर दिनभित्रमा आफ्नो बच्चाका EI रेकर्डहरूलाई निरीक्षण गर्ने तथा तिनीहरूको समीक्षा गर्ने;
- प्रतिनिधिलाई आफ्नो बच्चाका EI रेकर्डहरूलाई निरीक्षण गर्ने तथा तिनीहरूको समीक्षा गर्न लगाउने;
- आफ्नो बच्चाका EI रेकर्डहरूको स्पष्टीकरण तथा व्याख्याहरू प्राप्त गर्ने;
- EI रेकर्डहरू सङ्कलन गरिएको, राखिएको वा प्रयोग गरिएका प्रकारहरू तथा स्थानहरूको सूची प्राप्त गर्ने;
- आफ्नो बच्चाको EI रेकर्डलाई संशोधन गर्न EI सेवा प्रदायकलाई अनुरोध गर्ने;
- र यदि प्रदायकले तपाईंको बच्चाको EI रेकर्डलाई संशोधन गर्न अस्वीकार गरेमा निष्पक्ष सुनुवाइको अवसर प्राप्त गर्ने ।

हरेक IFSP बैठकपश्चात् 10 क्यालेन्डर दिनभित्रमा तपाईंले आफ्नो बच्चाको मूल्याङ्कन वा लेखाजोखा, परिवारद्वारा निर्देशित लेखाजोखा र IFSP योजनाको विद्युतीय वा कागजी प्रति नि:शुल्क रूपमा प्राप्त गर्नु हुने छ । तपाईंलाई आफ्नो EI रेकर्डहरू खोज्न वा पुन: प्राप्त गर्नका लागि कुनै शुल्क लगाइने छैन; यद्यपि तपाईंका लागि तयार गरिएका EI रेकर्डहरूका प्रतिहरूमा तपाईंका प्रदायकले शुल्क लगाउन सक्ने छन् र सो शुल्कले प्रभावकारी रूपमा तपाईंलाई ती रेकर्डहरू निरीक्षण तथा समीक्षा गर्ने तपाईंको
अधिकारहरूलाई नरोक्दासम्म मात्र शुल्क लगाउन सकिन्छ ।

तपाईंको EI रेकर्डमा भएका जानकारी निजी प्रकृतिको हुने भएकोले उक्त जानकारीसम्म पहुँच हुने EI प्रणालीमा काम गर्ने मानिसहरूले यसलाई अनिवार्य रूपमा गोप्य राख्नुपर्छ । तपाईंको परिवार बारेको EI रेकर्डहरू तयार गरेर राख्ने एजेन्सीहरूले अनिवार्य रूपमा आफूले सङ्कलन गरेको र राखेको EI रेकर्डहरूका प्रकारहरू तथा स्थानहरूको सूची राख्नुपर्छ । तपाईंको EI रेकर्डमा पहुँच राख्ने EI प्रणालीमा रहेका मानिसहरूले तपाईंलाई व्यक्तिगत रूपमा पहिचान गराउने जानकारी (Personally Identifiable Information, PII) EI प्रणालीमा काम गर्ने अन्य मानिसहरूलाई मात्र र तपाईंको परिवारलाई EI सेवाहरू उपलब्ध गराउन आवश्यक पर्ने हदसम्म मात्र खुलासा गर्न सक्छन् । यदि तपाईंले आफ्नो PII लाई EI प्रणालीभन्दा बाहिर पनि साझा गर्न चाहनुहुन्छ भने तपाईंले पहिला आफ्नो सहमति प्रदान गर्नै पर्छ ।

यद्यपि, सन् 1974 को पारिवारिक शैक्षिक अधिकार तथा गोपनीयता ऐन (Family Educational Rights and Privacy Act, FERPA) ले EI सेवा प्रदायकलाई केही परिस्थितिहरूमा आमाबुबाको सहमतिबिना पनि PII खुलासा गर्न अनुमति प्रदान गरेको छ । यिनीहरूमा देहाय पर्दछन्:

- सङ्घ वा राज्यद्वारा आर्थिक सहयोग प्रदान गरिएको कुनै पनि कार्यक्रमको सम्बन्धमा कुनै पनि सङ्घीय कानुनी आवश्यकताहरू बमोजिम कुनै पनि लेखापरीक्षण, मूल्याङ्कन, अनुपालना वा कार्यान्वयनको काम पूरा गर्नका लागि संयुक्त राज्य अमेरिकाका कम्पट्रोलर जनरल, संयुक्त राज्य अमेरिकाका अटर्नी जनरल, सेक्रेटरी अफ एजुकेशन वा राज्यका वा स्थानीय शैक्षिक अधिकारीद्वारा नियुक्त गरिएको कुनै पनि संघसंस्था वा व्यक्ति;
- एजेन्सी केसवर्कर वा राज्यको वा स्थानीय बाल कल्याण एजेन्सीको अन्य प्रतिनिधि कानुनी रूपमा बच्चाको स्याहार तथा संरक्षणका लागि जिम्मेवार रहँदा उक्त केसवर्कर वा प्रतिनिधि;
- कानुनसम्मत रूपमा जारी गरिएको समन वा न्यायिक आदेशको प्रतिउत्तरमा अदालत;
- वा स्वास्थ्य वा सुरक्षा आकस्मिकतासँग सम्बन्धित उपयुक्त अधिकारी ।

EI प्रणालीभन्दा बाहिरको कसैले तपाईंको EI रेकर्डमा पहुँच पाउँदा सो रेकर्डलाई राख्ने एजेन्सीले रेकर्डमा कसले, कहिले र कुन प्रयोजनका लागि पहुँच पाएको थियो भनेर अनिवार्य रूपमा लिखित प्रमाण राख्नुपर्छ ।